# लोक सेवा आयोग

अप्राविधिक तर्फका न्याय, परराष्ट्र, प्रशासन, लेखापरीक्षण र व्यवस्थापिका संसद सेवा, राजपत्र अनंकित प्रथम श्रेणी, नायब सुब्बा वा सो सरह पदको द्वितीय चरणको प्रतियोगितात्मक लिखित परीक्षा

२०७५।१।१५

समय :– २ घण्टा ३० मिनेट पूर्णाङ्क:– १००

पत्र :- द्वितीय

विषय :- सामाजिक-आर्थिक अवस्था

(Socio-Economic Condition)

*निम्न प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।*

## Section – A

अंक - ४०

तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् । (Write short answer of the following questions.)

1. हिमाली प्रदेशका प्रमुख विशेषताहरू उल्लेख गर्नुहोस् । [5]
   Write the major characteristics of Himalayan Region.
2. नेपालको जलसम्पदाको बहुआयामिक प्रयोग कसरी गर्न सकिन्छ? [5]
   How could be done the multidimensional use of Nepalese water resources?
3. नेपालमा प्रचलित पाँचवटा कुप्रथाको नाम लेखी ती मध्ये कुनै दुईको छोटो चर्चा गर्नुहोस् । [5]
   Write the name of five social evil prevalent in Nepal and explain any two of them shortly.
4. सार्वजनिक क्षेत्र र निजी क्षेत्र भन्नाले के के लाई बुझाउँछ? प्रस्ट पार्नुहोस् । [5]
   What do you mean by public sector and private sector? Explain it.
5. चालु आवधिक चौधौं योजनाका प्रमुख रणनीतिहरू के के हुन् ? [5]
   What are the major strategies of current 14th periodical plan?
6. जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गर्न नेपाल सरकारले लिएका नीतिगत व्यवस्थाहरू उल्लेख गर्नुहोस् । [5]
   Write policy measures taken by Government of Nepal to reduce climate change effects.

तलको प्रश्नको लामो उत्तर लेख्नुहोस् । (Write long answer of the following questions.)

7. नेपालमा विद्यमान वेरोजगारीका प्रमुख कारणहरू पहिचान गर्दै प्रभावकारी ढंगले वेरोजगारी न्यूनीकरण गर्न के कस्ता उपायहरू अवलम्बन गर्नुपर्ला? उल्लेख गर्नुहोस् । 4+6 = [10]
   Identify the major causes of unemployment in Nepal mention the measures to be taken for reducing the unemployment.

## Section – B

अंक - ३०

तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् । (Write short answer of the following questions.)

8. नेपालको वर्तमान संविधानका प्रमुख विशेषताहरू बुँदागत रूपमा उल्लेख गर्नुहोस् । [5]
Enlist the major features of present constitution of Nepal.
9. स्थानीय सरकार भन्नाले के बुझिन्छ? नेपालमा स्थानीय सरकारको आवश्यकता सम्बन्धमा लेख्नुहोस् 2+3 = [5]
What do you mean by local government? Explain the necessity of local government in Nepal?
10. नागरिकका दायित्व भन्नाले के बुझिन्छ? नेपालको संविधानमा नागरिकका दायित्व सम्बन्धमा के उल्लेख गरिएको छ? 2+3 = [5]
What do you understand by civic obligation? What are the provisions about civic obligation in Nepalese constitution?
11. समावेशी लोकतन्त्रका फाइदाहरू छोटकरीमा चर्चा गर्नुहोस् । [5]
Describe the benefits of the Inclusive Democracy in briefly.

तलको प्रश्नको लामो उत्तर लेख्नुहोस् । (Write long answer of the following questions.)

12. कानूनी राज्यको अवधारणा उल्लेख गर्दै नेपालमा यसको प्रयोगबारे लेख्नुहोस् । [10]
Mention the concept of Rule of Law and write its application in Nepal.

## Section – C

अंक - ३०

तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् । (Write short answer of the following questions.)

13. गैर कर राजश्व भनेको के हो? गैर कर राजश्वका स्रोतहरू के के हुन्? 2+3 = [5]
What is non-tax revenue? What are the sources of non-tax revenue?
14. बजेट तर्जुमाका चरणहरू के के हुन्? [5]
What are the stages of budget formulation?
15. निजामती सेवालाई परिभाषित गर्दै नेपालको निजामती सेवामा आचरण सम्बन्धी प्रावधानको बारेमा चर्चा गर्नुहोस् । 2.5+2.5 = [5]
Defining the civil service and also describe about the provision of code of conducts in Nepalese civil service.
16. सार्वजनिक सेवा प्रवाहमा निजामती कर्मचारीको भूमिका कस्तो रहेको छ? संक्षेपमा लेख्नुहोस् । [5]
Write the roles of civil servant in public service delivery. Explain shortly.

तलको प्रश्नको लामो उत्तर लेख्नुहोस् । (Write long answer of the following questions.)

17. व्यवस्थापन सूचना प्रणाली भन्नाले के बुझिन्छ? कार्यालयमा यसको आवश्यकता र महत्व के छ? उपयुक्त उदाहरण सहित स्पष्ट गर्नुहोस् । 4+6 = [10]
What do you mean by Management Information System? Explain about its need and importance with suitable examples.

समाप्त